# अर्जुनधारा नगरपालिका
# नगर कार्यपालिकाको बैठक

बैठक संख्याः २९/०७९/०८०  मितिः२०८०/०३/२०

अध्यक्षताः नगर प्रमुख श्री बलदेवसिंह गोम्देन तामाङ

उपस्थितिः

| | | |
|---|---|---|
| नगर प्रमुख | श्री बलदेवसिंह गोम्देन | उपस्थित |
| उप नगर प्रमुख | श्री खड्गमाया पराजुली | उपस्थित |
| वडा अध्यक्ष,वडा नं १ | श्री उपेन्द्र बस्नेत | उपस्थित |
| वडा अध्यक्ष,वडा नं २ | श्री नरेन्द्र कुमार श्रेष्ठ | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ३ | श्री सिताराम भट्टराई | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ४ | श्री अम्बर बहादुर कटुवाल | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ५ | श्री गिताराज खड्का | अनुपस्थित |
| वडा अध्यक्ष,वडा नं ६ | श्री हरिश्चन्द्र बास्तोला | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ७ | श्री गोविन्द प्रसाद खतिवडा | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ८ | श्री कुमार प्रसाद उप्रेती | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ९ | श्री भिष्म मिश्र | उपस्थित |
| वडा अध्यक्ष,वडा नं १० | श्री भूपेन्द्र नेउपाने | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ११ | श्री खगेन्द्र इङ्गनाम | उपस्थित |
| कार्यपालिका सदस्य | श्री कौशिलाल परियार | उपस्थित |
| कार्यपालिका सदस्य | श्री गौरीमाया चिमरीया | उपस्थित |
| कार्यपालिका सदस्य | श्री चन्द्र कुमारी तामाङ्ग | उपस्थित |
| कार्यपालिका सदस्य | श्री चन्द्रमाया तामाङ्ग | उपस्थित |
| कार्यपालिका सदस्य | श्री नरेन्द्रबहादुर राई | अनुपस्थित |
| कार्यपालिका सदस्य | श्री मुना खत्री | उपस्थित |
| कार्यपालिका सदस्य | श्री विमला रोक्का | उपस्थित |
| कार्यपालिका सदस्य | श्री सन्तोष मेचे | उपस्थित |
| सचिव, प्रमुख प्रशासकीय अधिकृत | श्री गीताकुमारी राई | उपस्थित |

बैठक संख्या २९/०७९/०८० अर्जुनधारा नगरपालिका नगर कार्यपालिकाको बैठक मिति २०८०/०३/२०

मिति २०८० साल आषाढ २० गते बसेको नगर कार्यपालिकाको बैठकबाट निम्न बमोजिमको निर्णयहरु सर्वसम्मत रुपमा गरियो ।

**१. स्थानीय राजश्व बाँडफाँड सम्बन्धमा ।**

यस अर्जुनधारा नगरपालिकामा गत आर्थिक वर्ष २०७८/०७९ को ढुंगा गिटी बालुवाको स्थानीय राजश्व बाँडफाँड बापत प्राप्त भई अविभाज्य कोषमा रहेको रकम मध्ये यस नगरपालिकाको मिति २०८०/०२/०२७ गतेको नगर कार्यपालिकाको बैठकबाट विनियोजन भएका आयोजना तथा देहाय बमोजिमका खर्च तथा कार्यक्रमहरुका लागि आगामी नगर सभाको बैठकबाट अनुमोदन गर्ने गरी बजेट व्यवस्था हुन रकमान्तर गर्ने निर्णय गरियो ।

| सि.नं. | खर्च/कार्यक्रम | रकम (रु) |
|---|---|---|
| १ | सवारी साधन मर्मत | १६००००० |
| २ | विपद् व्यवस्थापन कोष | २५००००० |
| ३ | मू.अ.क.जम्मा | ६१९३२०० |
| ४ | अग्रिम आय कर जम्मा | ७१४६०० |
| ५ | अर्जुनधारा खुदुनाबारी खानेपानी तथा उ.स.भुक्तानी | ८००००० |
| ६ | कृत्रिम गर्भाधान गर्ने पशुस्वास्थ्यकर्मीहरुको पारिश्रमिक भुक्तानी | २५०००० |
| ६ | २०८०/०२/२७ गतेको का.पा.बैठकबाट स्वीकृत आयोजनाहरु | २०५३०००० |
| | जम्मा | ३२५८७८०० |

**२. स्टक प्रमाणिकरण सम्बन्धमा ।**

यस अर्जुनधारा नगरपालिका क्षेत्र भित्र स्टक गरी राखेका नदीजन्य पदार्थ (ढुंगा, गिटी बालुवा) को स्टक प्रमाणिकरणका लागि यस अघि आषाढ १५ गतेसम्मको म्याद दिई सूचना प्रकाशन गरिएकोमा हालसम्म पनि सम्पूर्ण स्टक प्रमाणिकरणका लागि निवेदन प्राप्त नभएको हुँदा एक पटकका लागि पुनः ७ दिने सूचना प्रकाशन गर्ने निर्णय गरियो ।उक्त सूचनाको म्याद भित्र पनि स्टक प्रमाणिकरण नभएमा जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय समेतको सहयोग लिई त्यस्ता सामाग्रीहरु नगरपालिकाले नियन्त्रणमा लिई जफत गर्ने निर्णय गरियो ।

**३. ठेक्का रकम फिर्ता सम्बन्धमा ।**

यस नगरपालिकाको चालु आर्थिक वर्ष २०७९/०८० को आयठेक्का अन्तर्गत ठेक्का नं ०१/०७९/०८० को खुदुनाबारी पशु हाटबजार ठेक्का लागि जय जलेश्वर ट्रेडर्ससँग वार्षिक रु ४२७८५७७/- बराबरको ठेक्का सम्झौता भएकोमा मिति २०७९/०८/०४ गते प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचन,२०७९ को मतदानको दिन भएकाले बजार बन्द भएको र मिति २०८०/०२/२८ र २०८०/०३/०३ गते नगरपालिकाबाट लम्पी स्किन डिजिजका कारण बाहिरबाट गाइवस्तु लान/ल्याउन निषेध गरेको कारणले उक्त ३ दिनको बजार ठेक्काको दामासाहीले हुन आउने रकम रु  फिर्ता पाउन निवेदन पेश गरेकोमा अर्जुनधारा नगरपालिकाको आर्थिक ऐन,२०७९ को अनुसुची मा काबु बाहिरको परिस्थितिका कारण बजार सञ्चालन हुन नसकेमा सो अवधिको रकम फिर्ता गर्न सकिने व्यवस्था भएको हुँदा निवेदकलाई उपर्युक्त मध्ये २ दिनको

बजार ठेक्का बापतको दामासाहीले हुन आउने रकम रु १६४५६०/- (एक लाख चौसट्ठी हजार पाँच सय साठी मात्र) फिर्ता गर्ने निर्णय गरियो ।

४. **बैदेशिक रोजगार तथा पुनः एकिकरण नीति,२०८० स्वीकृति सम्बन्धमा ।**

अर्जुनधारा नगरपालिकाको बैदेशिक रोजगार तथा पुनः एकिकरण नीति,२०८० लाई स्वीकृत गरी चालु नगर सभा अधिवेशनको आगामी बैठकमा छलफलका लागि प्रस्ताव पेश गर्ने निर्णय गरियो ।

५. **स्थानीय सेवाका कर्मचारीहरुको तहवृद्धि सम्बन्धि कार्यविधि,२०८० संशोधन सम्बन्धमा ।**

स्थानीय सेवाका कर्मचारीहरुको तहवृद्धि सम्बन्धि कार्यविधि,२०८० को पहिलो संशोधन स्वीकृत गरियो ।

६. **शिक्षक सरुवा सम्बन्धमा ।**

अर्जुनधारा नगरपालिकाको शिक्षा नियमावली,२०८० को नियम ६० बमोजिम अर्जुनधारा नगरपालिकाका अन्तर्गतका सामुदायिक विद्यालयका देहाय बमोजिमको शिक्षकहरुको देहाय बमोजिम सरुवा गर्नका लागि सम्बन्धित निकायमा सिफारिस गर्ने निर्णय गरियो ।

| सि.नं. | नामथर, तह | हाल कार्यरत विद्यालय | सरुवा गरिएको विद्यालय |
|---|---|---|---|
| १ | श्री निर्मला पोखरेल, मा.वि.तृतीय | श्री लक्ष्मी मा.वि. अर्जुनधारा -६ | श्री भानु मा.वि. अर्जुनधारा-५ |
| २ | श्री जीवन पोखरेल, मा.वि.तृतीय | श्री भानु मा.वि. अर्जुनधारा-५ | श्री लक्ष्मी मा.वि. अर्जुनधारा -६ |

७. **विविधः**

(१) अर्जुनधारा नगरपालिका वडा नं २ स्थित सहकालेको खोप केन्द्रमा त्यस क्षेत्रका बालबालिकाहरुका लागि सञ्चालन गरिएको बालशिक्षाका शिक्षिका श्री मेनुका तामाङ्गलाई लाई आर्थिक वर्ष २०७९/०८० को पारिश्रमिक बापत रु २ लाख ३४ हजारमात्र भुक्तानी उपलब्ध गराउने निर्णय गरियो ।

(२) अर्जुनधारा नगरपालिका वडा नं ७ बस्ने श्री तुलबहादुर श्रेष्ठलाई शारिरिक सुगठन सम्बन्धि अन्तराष्ट्रिय प्रतियोगितामा सहभागिताका लागि पूर्वतयारी गर्न नगरपालिकाको युवा तथा खेलकुद शीर्षकमा विनियोजित बजेट मध्येबाट रु १ लाख ५० हजार सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

(३) अर्जुनधारा नगरपालिका वडा नं ७ स्थित पुष्पलाल मार्गमा प्लम्ब निर्माणका वडा समितिबाट विनियोजित बजेटबाट निर्माण भएको प्लम्ब अधुरो भएको र तत्काल पुरा गर्न अपुग भएको रकम रु ४५ हजार उपलब्ध गराउने निर्णय गरियो ।

(४) अर्जुनधारा नगरपालिका वडा नं ५ मा प्रधानमन्त्री रोजगार कार्यक्रम मार्फत सञ्चालित तटबन्धन योजना कार्यक्रम प्रधानमन्त्री रोजगार कार्यक्रमका श्रमिकहरुबाट मात्र सम्पन्न नहुने देखिएको र त्यस क्षेत्रको जोखिम संवेदनशिलतालाई मध्यनजर गरी तत्काल काम सम्पन्न गर्न उपभोक्ता समिति गठन गरी सम्पन्न भएको कामको मूल्याङ्कन बमोजिमको रकम भुक्तानी उपलब्ध गराउने निर्णय गरियो ।

(५) अर्जुनधारा नगरपालिकाका सामुदायिक विद्यालयहरुमा मिति २०८०/०३/२४ देखि २०८०/०४/०९ गतेमसम्म वर्खे विदा गर्ने निर्णय गरियो ।

(६) अर्जुनधारा नगरपालिकाको मे १ झ १६६ नं को सवारी साधन मर्मत बापतको रकम रु १४२०६९२/- भुक्तानी उपलब्ध गराउने निर्णय गरियो ।